का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३४२
- २१ माघ २०७८, शुक्रबार
- 4 February 2022, Friday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

## स्थानीय चुनाव



२०७४ को स्थानीय चुनावमा मतदानका लागि लामबद्ध मतदाता । फाइल तस्बिर

# दलहरूलाई डर

एकअर्कालाई कमजोर पार्ने प्रयत्न भइरहेपनि अब हुने स्थानीय चुनावमा सवै दलहरु एकअर्कासँगै डराएका देखिन्छ । काँग्रेसलाई बहुमत ल्याउने चिन्ता छ भने बाँकीलाई पराजयको भय छ ।

**एमाले**
▲ **डर**
सत्ता गठबन्धन चुनावमा मिल्न सक्छन् ।
**बाध्यता**
पुरानो जनमत नजोगाउनुपर्ने ।

**काँग्रेस**
▲ **डर**
वाम शक्तिहरु फेरि मिल्न सक्छन् ।
**बाध्यता**
बहुमत सहित पहिलो शक्ति बन्नुपर्ने ।

**माओवादी केन्द्र**
▲ **डर**
गठबन्धन भत्कन सक्छन् ।
**बाध्यता**
कम्तिमा पुरानो जनमत जोगाउनुपर्ने ।

**एकीकृत समाजवादी**
▲ **डर**
गठबन्धन नरहे अपेक्षित नतिजा नआउन सक्छ ।
**बाध्यता**
दलीय हैसियत बनाउनैपर्ने ।

**जनता समाजवादी**
▲ **डर**
ठूला राजनीतिक शक्तिहरुबाट पराजित हुनुपर्ने हुनसक्छ ।
**बाध्यता**
गठबन्धन जोगाउँदै पुरानो जनमत जोगाउनुपर्ने ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० माघ ।

सरकारले स्थानीय चुनावको मिति तय गर्ने घोषणा गरेसँगै राजनीतिक दलका नेताहरु भने चुनावको नतिजाबाट आत्तिन थालेका छन् । नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेकपा जनता समाजवादी मात्रै होइन, नेपाली काँग्रेस समेत निर्वाचनको परिणामबाट डराएको देखिन्छ ।

काँग्रेस बहुमत ल्याउन सकिएला कि नसकिएला भन्ने त्रासमा देखिन्छ भने अन्य बाँकी दल आफ्नो पक्षमा मत नै नआउने हो कि भन्ने डरमा छन् । अहिले सबैभन्दा बढी डर एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपालाई छ । "काँग्रेस पनि निर्वाचन परिणाम आउँला भन्ने डरमा छ", राजनीतिक विश्लेषक विष्णु पाठक भन्छन् ।

उनले गठबन्धनलाई लिएर अघि बढ्दाँ काँग्रेसलाई घाटा हुने हुँदा एक्लै चुनावमा जाने सम्भावना रहेको पनि बताएका छन् । "भोलि चुनावमा एकीकृत समाजवादी र माओवादीको एकता हुने सम्भावना छ । त्यसो गर्दा एमालेको हाराहारीमै मत आउने देखिन्छ", विश्लेषक पाठक भन्छन् ।

– बाँकी पृष्ठ २ मा

### म्यानपावर वर्गीकरण गर्न मन्त्रालयद्वारा कार्यदल गठन

# व्यवसायीमा सिण्डिकेटको त्रास

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले म्यानपावर कम्पनीलाई वर्गीकरण गर्ने तयारी गरेको छ । मन्त्रालयले म्यानपावर कम्पनीहरूको मापदण्ड बनाई उनीहरूको स्तर निर्धारण गरी वर्गीकरण गर्ने बताएको छ । कार्यविधि र मापदण्ड तय गर्न मन्त्रालयले बिहीबार सहसचिव राजिव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेको छ ।

कार्यदलमा वैदेशिक रोजगार कार्यालयका प्रमुख, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक तथा म्यानपावर कम्पनीका प्रतिनिधि सदस्य रहने मन्त्रालयले जनाएको छ । कार्यदलले म्यानपावर कम्पनीलाई विभिन्न समूहमा वर्गीकरण गर्न मापदण्ड तथा सुचकहरु तयार गर्ने बताइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले कम्पनीहरूको वर्गीकरण गर्दा वैदेशिक रोजगारमा संलग्न इजाजतपत्रवाला संस्था (म्यानपावर कम्पनी) कुन राम्रो र कुन नराम्रो भनेर छुट्याउन सजिलो हुने व्यवसायीहरूलाई बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले समसामयिक विषयमा छलफल गर्न बिहीबार मन्त्री श्रेष्ठलाई भेटेको थियो । भेटमा मन्त्री श्रेष्ठले वैदेशिक रोजगारका क्षेत्रमा लामो समयदेखि समाधानको पर्खाइमा रहेका सेवा शुल्क लगायतका विषयमा कार्यदलले अध्ययन प्रतिवेदन दिने जानकारी दिएको भन्दै मन्त्रालयले संघलाई कार्यदलका बारेमा जानकारी दिई नसकेको बताए । संघलाई

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विदेशबाट फर्केर उद्यमी बनेकालाई सरकारले सम्मान गर्ने

**काठमाडौं/रासस–** सरकारले वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगारीमा प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कृत गर्ने भएको छ । त्यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधबार एक सूचना प्रकाशित गरी पुरस्कारका लागि वैदेशिक रोजगारबाट फर्केर उद्यम गरेका व्यक्तिसँग आवेदन आह्वान गरेको छ ।

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान

– बाँकी पृष्ठ २ मा

# अडिए प्रधानमन्त्री

एमसीसीकै अनुमोदन नगराए गठबन्धन तोड्ने चेतावनी दिएका प्रधानमन्त्री शेरबहादुर देउवा आन्तरिक छलफलमा जुटेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० माघ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बिहीबार आफू निकट नेताहरुसँग परामर्श गरेका छन् । सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री देउवाले आफू निकट नेताहरु बालकृष्ण खाँण, ज्ञानेन्द्रबहादुर कार्की, दिलेन्द्रप्रसाद बडू र पुष्पा भुसालसँग परामर्श गरेका हुन् । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्मा रहेका नेताहरुसँग परामर्श गरेका हुन् ।

देउवाको मन्त्रिपरिषद्मा खाँण गृह, कार्की सञ्चार, बडू कानून मन्त्री छन् । भुसाल प्रतिनिधिसभाका सचेतक हुन् भने खाँण प्रमुख सचेतक हुन् । यो छलफललाई अर्थपूर्ण मानिएको छ । किनकि एमसीसी अनुमोदन गराउने निर्णायक पहलमा रहेका प्रधानमन्त्री देउवाले महत्वपूर्ण मन्त्रालय सम्हालिरहेका नेताहरुसँग परामर्श लिएका हुन् । खाँण, कार्की र बडू प्रधानमन्त्रीका निकट नेता समेत हुन् । अझ खाँण र भुसाल समेत सहभागी हुनुले प्रधानमन्त्री देउवा गम्भीर परामर्शमा रहेको बुझ्न गाह्रो पर्दैन ।

गएको शनिबार प्रधानमन्त्री देउवाले सत्ता गठबन्धनका शीर्ष नेताहरुसँग चेतावनीयुक्त अडान लिएका थिए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादीका नेता बाबुराम भट्टराईसँग एमसीसी अनुमोदन गराउन साथ नदिए गठबन्धन तोड्ने

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : ३,१७५ |
| परीक्षण | : १२,६०५ |
| मृत्यु | : १२ |
| निको हुने | : ८,७२३ |



# ६ महिनामा ७४ भेटिए कुष्ठरोगी

पवन जायसवाल/मध्यान्ह
नेपालगन्ज, २० माघ



बाँकेमा ६ महिनाको अवधिमा ७४ जना नयाँ कुष्ठरोगी भेटिएका छन्।६९ औं विश्व कुष्ठरोग दिवसका अवसरमा बाँकेमा आयोजित कार्यक्रममा साइनिङ्ग अस्पतालका इन्चार्ज मंगलबहादुर थारुले अस्पतालमा साउनदेखि पुससम्म ७४ जना कुष्ठरोगी भेटिएको जानकारी गराए । उनका अनुसार बाँके जिल्लाबाट ३० जना, बर्दियाबाट २२ जना, दाङ्गबाट ५जना, अन्य जिल्लाबाट १२ जना र भारतको विभिन्न ठाउँबाट ५ जना गरी ७४ जना नयाँ कुष्ठरोगी भेटिएका हुन् ।

नेपालगन्जजानकीगाउँपालिका वडा नं. ३ मानपुरमा रहेको साइनिङ्ग अस्पताल, आई.एन.एफ नेपालबाँकेले साइनिङ्ग अस्पताल, आई.एन.एफ नेपालबाँकेलेसंयुक्त रुपमा बिहीबार ६९औं विश्वकुष्ठरोग दिवसमनाएको छ। सो अवसरमासाइनिङ्ग अस्पताल, आई.एन.एफ नेपालबाँकेमा रहेकाबाँके, दाङ्ग, बर्दिया लगायतजिल्लाका२० जना कुष्ठरोगकाबिरामीहरुलाई न्यानो ज्याकेटउपहारको रुपमा वितरण गरिएको थियो। साइनिङ्ग अस्पताल, आई.एन.एफनेपालबाँकेलेस्वास्थ्यकार्यालय बाँके, स्वास्थ्यकार्यालय बर्दिया, जानकीगाउँपालिका र नेपालगन्जउप-महानगरपालिकामा देखिने गरिठाउँ-ठाउँमा ब्यानर राखिएको साइनिङ्ग अस्पतालका इन्चार्ज थारुले जानकारी दिए । उनकाअनुसार हरेक वर्ष जनवरी महिनाको अन्तिमआइतबारकादिन विश्व कुष्ठरोग दिवस मनाइने गरिन्छ। सो अवसरमा जनमानसमा सरकारी नीतिको स्मरण,साइनिङ्ग अस्पतालमा दीपप्रज्वलन गरी मनाइएको थियो। छालामा रातो वा फुस्रो नचिलाउने दागभएमा, छुँदाखेरी थाहानहुने स्पर्श शक्ति हराएको, हातखुट्टाझमझमगर्ने, कानको लोती बाक्लो हुने, हातखुट्टाको मांशपेशी कमजोर हुने जस्ता लक्षण चिन्ह देखापर्छ । उक्त लक्षण देखिएमा स्वास्थ्य केन्द्र अथवासाइनिङ्ग अस्पतालमागएर उपचार गराउन सकिने कार्यक्रममा जानकारी गराइएको छ । यसको उपचार र औषधीनिःशुल्क हुन्छ ।

सो कार्यक्रममालुम्बिनीप्रदेश निर्देशनालयकावरिष्ठ जनस्वास्थ्य प्रशासक रोशनलालचौधरी, प्रमुख कन्सलटेन्ट वर्षा थापा, लुम्बिनीप्रदेशप्रादेशिक अस्पताल, लुम्बिनीप्रदेश दन्त स्वास्थ्यएशोसियशनका अमृत भुषाल, स्वास्थ्यकार्यालय बाँकेकाप्रमुख धीरजंगशाह, जनस्वास्थ्यनिरीक्षक मानव नेपाली र अस्पतालका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# सिरहा रेडक्रसले विधि विपरीत अधिवेशन गर्न लागेको आरोप

राजेन्द्र महतो/मध्यान्ह
सिरहा, २० माघ

नेकपा एमाले सिरहा जिल्ला उपाध्यक्ष डा नबिन यादबले नेपाल रेडक्रस सोसाइटी सिरहाको अधिवेशन पारदर्शी र नियमसंगत विधिबाट हुनुपर्ने माग गरेका छन् ।

नेपाल-भारत सीमा नजिकैको सिरहा नगरपालिका २० लगडिगदियानीमा अगामी माघ २५ मा अपारदर्शी र अनियमित तरिकाले अधिवेशन आयोजना गर्न लागेकोले आरोप लगाउँदै डा यादवले सदस्यता वितरण र हरहिसाव पारदर्शी गर्न माग गरेका हुन् । अगामी २४ घण्टाभित्र सदस्यता वितरण र हरहिसाब पारदर्शी नगरिए नेपाल रेडक्रस सोसाइटी सिरहा शाखामा तालाबन्दी गरिने डा यादवले चेतावनी दिएका छन् ।

अधिवेशन रोक्नको लागि जिल्ला प्रशासन कार्यालय सिरहामा जानकारी गराउन डेलिगेशन जान लागेको बताउँदै उनले शाखामा अहिलेसम्म सिमित व्यक्तिको हालीमुहालीको कारण मनमौजी, अपारदर्शी र भ्रष्टाचार बढ्दै गएको आरोप लगाए ।

सिरहामा २४ वटा उपशाखा रहेकोमा २१ वटा सर्वसम्मत, एउटामा निर्वाचन, एउटामा तदर्थ कमिटी र एउटामा ३ महिना म्याद थप भएको नेपाल रेडक्रस सोसाइटी शाखा सिरहाका सभापति राजदेव यादवले बताए । हालसम्म कही कतै कुनै बिवाद नभएको बताउँदै अध्यक्ष यादवले कुनै पनि आरोपमा सत्यता नरहेको बताए ।


## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
### सडक बिभाग
### पुल माहाशाखा

**झिम्री (३५ मी.) र नलगाड (११५ मी.) पुल निर्माणको सक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदन तयारी सम्बन्धी सार्वजनिक सुचना**

(प्रथम पटक प्रकाशित मितिः. २०७८/१०/२१)

कर्णाली प्रदेश, जाजरकोट जिल्ला नलगाढ नगरपालिका वडा नं.२ मा निर्माण हुने झिम्री पुल र वडा नं. ५मा निर्माण हुने नलगाड पुल निर्माणको लागि सक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न स्थान र समयमा आयोजना गरिनेछ ।

| प्रस्तावहरुको व्यहोरा | | |
|---|---|---|
| पुलको नाम | झिम्री | नलगाड |
| पुलको प्रकार | RCC Prestress | RCC Prestress |
| पुलको कुल लम्वाई | ३५ मी. | ११५ मी. |
| पुलको कुल चौडाई | ११ मी. | ११ मी. |
| क्यारियज वेको चौडाई | ७.५ मी. | ७.५ मी. |
| फुटपाथको चौडाई | १.७५ मी. | १.७५ मी. |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन सार्वजनिक गरिने तथा सो बिषयमा छलफल हुने भएकोले त्यस क्षेत्रका बिद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्था, स्थानिय बासिन्दा तथा प्रतिनिधिलाई उल्लेखित स्थान र समयमा उपस्थित भई रायसुझाव प्रदान गरिदिनुहुन सदर अनुरोध गरिन्छ ।

| | | |
|---|---|---|
| कार्यक्रम स्थल | नलगाड नगरपालिका वडा नं. ५ | नलगाड नगरपालिका वडा नं. २ |
| मिति र समय | २०७८/१०/२२ बिहान १० बजे | २०७८/१०/२२ दिउसो १ बजे |
| सम्पर्क फोन नं. | ९८०३८९१९१० | |


## स्थानीय....

पाठकजस्तै नेपाली काँग्रेसका नेता भीमशेनदास प्रधान पनि चुनावसम्म गठबन्धन भएर जाने सम्भावना कम रहेको बताउँछन् । "स्थानीय चुनाव भनेको स्थानीय नेताको निर्णयमा गराउनुपर्छ र कांग्रेस आफैं बलियो हुँदा गठबन्धन गर्नुको पनि औचित्य रहँदैन" नेता प्रधान भन्छन् । उनी केही माओवादी वा समाजवादीले जित्ने स्थानमा बाहेक अन्य तालमेलको सम्भावना कम रहेको बताउँछन् ।

साथै स्थानीय देखि प्रदेशसम्म कांग्रेसको बहुमत आउने उनको भनाई छ । तर, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी केन्द्रीय नेताहरु भने चुनावमा पनि आपसी तालमेल हुने बताउँछन् । "अहिले गठबन्धन टुट्दैन। संसदीय निर्वाचन गठबन्धन गरेरै जाने हाम्रो सहमति छ," माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एक कार्यक्रममा भनेका थिए । गठबन्धन टुटाउन एमाले लगायत विविध शक्ति लागेको आरोप प्रचण्डको छ । एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल पनि चुनावसम्म नै गठबन्धन एक भएर जाने बताउँछन्। "भ्रममा नपर्नुस्, गठबन्धन चुनावसम्मै हुन्छ," नेता नेपाल भन्छन् । केही नेताले चुनावसम्मै गठबन्धनबीच तालमेल रहने बताएपनि काँग्रेसले भने सो कुरा स्वीकार नगर्ने देखिएको छ ।

प्रचण्ड र माधवको डर

जनमतका हिसाबले कमजोर भइसकेका प्रचण्ड र भर्खरै नयाँ पार्टी दर्ता गराएका माधव नेपाल चुनावदेखि भने डराएका छन्। कुनै समय शक्तिशाली पार्टीको अध्यक्ष र वरिष्ठ नेता भएर बसेका नेताहरु चुनावी परिणामबारे डराउनु स्वभाविक पनि हो । तर, चुनावमा गठबन्धन बीच नभएपनि माओवादी र समाजवादीबीच एकता हुँदा मत परिणाम एमालेको हाराहारी आउने विज्ञहरु बताउँछन् । "माओवादी केन्द्र चुनाव लम्ब्याएर कुनै दलसँग तालमेल गराउने दाउ खोजिरहेको छ भने एकीकृत समाजवादी चुनाव पछि सरे संगठन निर्माणको काम गर्न सकिन्थ्यो भन्ने सोँचमा छ", विश्लेषक पाठक भन्छन् ।

चुनावमा एक्लै लडेर बहुमत ल्याउने दाबी गरिरहेको कांग्रेस र एमालेसँग कसरी प्रतिस्पर्धा गर्ने भने नेताद्वयको चिन्ता छ। जसरी हुन्छ, चुनावमा राम्रो परिणाम ल्याएर सरकारमा गई पार्टी बलियो बनाउने प्रयत्न गरिरहेका यी दुई दललाई भने यो चुनावमा निकै सकस देखिन्छ । तसर्थ, पनि नेताहरु चुनाव गराउने भन्दा पनि चुनावलाई पछि धकेलेर तयारी तीव्र पार्ने रणनीतिमा देखिएका हुन्। एक अर्कासँग तालमेल नगरी चुनाव जित्न असम्भव देखिदाँ सो खालको डर पैदा हुनु स्वभाविक पनि हो ।

## म्यानपावर....

पत्र प्राप्त भएपछि आधिकारिक निर्णय गर्ने उनले बताए। शुरूमा सकारात्मक उद्देश्य देखाउने तर अन्तिममा सीमित व्यवसायीहरूको मात्रै हित हुने गरी सिण्डिकेट खडा गरी काम गर्ने गरिएको भन्दै केही वैदेशिक रोजगार व्यवसायीहरूले समान धरौटी राखेर स्थापना गरिएका कम्पनीहरूको वर्गीकरण गर्नु न्यायोचित नभएको र त्यस्तो वर्गीकरण आवश्यक नभएको टिप्पणी गरेका छन् ।

म्यानपावर वर्गीकरणको निर्णय त्यतिखेर आएको छ, जतिखेर मलेलियामा निश्चित कम्पनीहरुले मात्र कामदार पठाउन पाउने गरी सिण्डिकेटको चलखेल हुन लागेको चर्चा चलेको छ। मलेलियामा सिण्डिकेट लगाउन केही म्यानपावर र गैर म्यानपावर व्यवसायीहरु सक्रिय रहेको बताइएको छ। प्रत्यक्षरुपमा सिण्डिकेट सम्भव नभए पनि वर्गीकरणको नाममा परोक्षरुपमा यो खेल हुन सक्ने कतिपय व्यवसायीहरुको आंकलन छ ।

मन्त्री श्रेष्ठले भने वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित बनाउँदै ठोस् सुधारका लागि वर्गीकरण गर्न लागिएको बताएका छन्। हाल करिब ८ सय ६० वटा म्यानपावर कम्पनी सञ्चालनमा छन् ।

## विदेशबाट...

गरिरहेका उद्यमीले आगामी फागुन १० गतेभित्र आवेदन दिनसक्ने मन्त्रालयले जनाएको छ। कामदार भिसामा विदेश गरी कम्तिमा एक वर्ष काम गरी फर्किएको, वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय सञ्चालन गरेको न्यूनतम् एक वर्ष पूरा भएको र विगत पाँच वर्षभित्र श्रम मन्त्रालयबाट पुरस्कार प्राप्त नगरेका व्यक्तिले आवेदन गर्न सक्ने सूचनामा उल्लेख छ ।

पुरस्कार आवेदन फारम श्रम मन्त्रालयको वेभसाइटमा राखिएको छ । आवेदनका साथमा नेपाली नागकिताको प्रमाणपत्र, श्रम स्वीकृति, भिसासहितको राहदानी, आयकर दर्ता प्रमाणपत्र र गत आवको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा पेश गर्नुपर्नेछ । आवेदन फाराम मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा इमेल गर्न सकिने सूचनामा जनाइएको छ ।

प्राप्त आवेदनमध्येबाट उत्कृष्ट उद्यमीलाई सम्मान गरिने मन्त्रालयले जनाएको छ। वैदेशिक रोजगारीबाट फर्केका नेपालीले रोजगारीका सिलसिलामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीलाई सुदुपयोग गर्न राज्यबाट विशेष प्रोत्साहन गरी विदेश जाने वा विदेशमा नै अवैधानिक तवरबाट बस्ने प्रवृत्तिमा न्यूनीकरण गर्न सरकारले स्वदेश फर्की सफल उद्यम गर्ने व्यवसायीलाई सम्मान गर्न लागिएको मन्त्रालयको भनाइ छ ।

यसप्रकारका सम्मानबाट उनीहरुलाई आयमुलक तथा रोजगारमुलक कार्यमा लाग्न थप प्रेरणा मिल्ने मन्त्रालयको विश्वास छ । प्राप्त आवेदनमध्येबाट रोजगारी सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदूषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रका आधारमा छनोट गरिने छ ।

छनोटका लागि विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा छ सदस्यीय सिफारिश समितिको गठन गरिएको छ ।

सातै प्रदेशबाट न्यूनतम एक जना नछुट्ने गरी उद्यमी छनोट गरिनेछ। आवेदकमध्ये एक जनाले रु एक लाख ५० हजारसहित उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र बढीमा सात जनाले रु ७५ हजारको उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्नेछन् ।

## अडिए....

चेतावनी दिएका थिए । तर एक साता बित्न लाग्दा प्रधानमन्त्री देउवाले कुनै कदम चालेका छैनन्।

बरु बुधबार र बिहीबार लगातार प्रधानमन्त्री देउवा निकट नेताहरुले पहल कदमी लिएका थिए। मंगलबार नेपाली काँग्रेसका उपसभापति पूर्णबहादुर खड्का र सञ्चारमन्त्री कार्की खमुलटार पुगेका थिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग सम्वाद गर्न खड्का र कार्की खुमलटार पुगेका हुन् ।

बुधबार गृहमन्त्री खाँणले प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेटवार्ता गरे । त्यसैदिन प्रधानमन्त्री देउवा, प्रचण्ड र माधव नेपाल बीच बालुवाटारमा भेटवार्ता भयो ।

बुधबार नै काँग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेल र माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठबीच भेटवार्ता भयो । लगत्तै पौडेल र श्रेष्ठले प्रधानमन्त्री देउवासँग भेटवार्ता गरे । लगातारको यो भेटवार्ता एमसीसीकै कारण संकटमा परेको सत्ता गठबन्धन जोगाउने प्रयतनका निम्ति भएको छ। प्रधानमन्त्री देउवाले पनि एमसीसीबारे थप छलफल गर्न तयार रहेको संकेत दिएका छन् ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/१०/२१

यस कम्पनीको मिति २०७८/०९/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रित्तो प्रोडक्सन प्रा.लि. (प्रा.लि. नं. १९८०४९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लेजेन्ड्स टेल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/१०/२१

यस कम्पनीको मिति २०७८/०९/२३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गैंडाकोट पोलिक्लिनिक प्रा.लि. (प्रा.लि. नं. १०८२५९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गैंडाकोट सामुदायिक हस्पिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## डिभिजन वन कार्यालय
### उदयपुर, गाईघाट (बोक्से)

**लगत समर्थन तथा लिलाम सहमति सम्बन्धमा**

प्रकाशित मिति २०७८/१०/२१

**श्री जनजागरण सामुदायिक वन उपभोक्ता समुह बेलका न.पा.६, उदयपुर ।**

प्रस्तुत विषयमा आ.व. २०७६/०७७ मा तहाँ सा.व.उ.स.ले संकलन गरेका तपसिल बमोजिमको काठको सम्बन्धमा यस कार्यालयको च.नं. २०९९ मिति २०७८।०२।११ को सहमति पत्र बमोजिम आन्तरिक खपतका लागि सूचना प्रकाशन भएकोमा आन्तरिक खपत नभई बाँकी रहेका तपसिल बमोजिमका काठ समूह वाहिर बिक्री वितरणका लागि समूहको निर्णय वमोजिम सम्वन्धित सब-डि.व.का.बाट लट विभाजन भई उक्त काठको स्थलगत चेकजाँच समेत भई नियमानुसार लिलाम सहमति दिन मनासिव देखि श्री सवडि.व.का., रामपुर को च.नं. ८२ मिति २०७८।१०।१६ गतेको पत्रबाट लेखी आएकोले तपशिल बमोजिमको जात, थान र परिमाणको काठको लगत समर्थन तथा लिलाम सहमति दिईएको छ। साथै समूह वाहिर विक्री वितरण गर्दा प्रचलित ऐन, कानून, परिपत्र, सा.व.को काठ/दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७१ को अधिनमा रह्दै टि.सि.एन.को मूल्य तथा हालको बजारभाउलाई समेत ध्यानमा राखी न्यूनतम मूल्य कायम गरी जिल्ला प्रशासन कार्यालय, को.ले.नि.का.तथा यस कार्यालयमा अनिवार्य रुपमा दरभाउपत्र बिक्रीका लागि पठाउने व्यबस्था मिलाई पूर्ण पारदर्शी एवं स्वस्थ प्रतिस्पर्धा गराई समूह बाहिर दाउरा लिलाम बिक्री गर्नु गराउनु हुन समेत अनुरोध छ ।

तपशिल

| लट नं. | जात | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | प्रयोजन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए ग्रेड | | बी ग्रेड | | सी ग्रेड | | जम्मा | | |
| १. | साल | ८ | १२९।२१ | २१ | १९०।३७ | २१ | २२१।६१ | ५० | ४४१।१९ | समूह बाहिर |
| २. | साल | १६ | २७८ | ९ | ८२।०८ | १३ | ८०।७४ | ३८ | ४४०।८२ | समूह बाहिर |

बोधार्थः- श्री जिल्ला वन पैदावर आपूर्ति समितिः जानकारीका लागि ।
श्री सव-डिभिजन ववन कार्यालय, रामपुरः- उपरोक्तानुसार गर्नु गराउनुहुन ।

## Belauri Municipality
## Office Of The Municipal Executive
### Shreepur, Kanchanpur
### Sudurpaschim Province, Nepal

**Invitation for Bids**

**Contract Identification No: BELMUN/SQ/W/078/079-03,04**

**Date of publication: 4th FEB 2022 (2078/10/21)**

1. Belauri Municipality invites electronic bids for Nepalese eligible bidders for the construction of below mentioned projects under **Sealed Quotation** procedures.
2. Eligible Bidders may obtain further information about the Bidding Documents at the office of Belauri Municipality, Shreepur Kanchanpur belaurimunicipality@gmail.com, 099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract no./ID | Description of Works | Estimated amount (without VAT & PS) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| BELMUN/SQ/W/078/079-03 | Construction of Road upgrading works at Jabdiya Bal Udhaan - Siyaraam Rana Purna chowk - Saraswati Ma.Bi Butabari & Dev Bohara ko ghar - Prem Bohara ko ghar - Dhana Saud ko ghar samma | 17,33,926.41 /- | 50,000/- | Rs. 1,000/- |
| BELMUN/SQ/W/078/079-04 | Construction of Blacktop Road works at Tikaraam Acharya ko Ghar - Bhuwananda Kharel ko Ghar samma, ward-06, kanchanpur | 6,66,509.80/- | 20,000/- | Rs. 1,000/- |

**Chief Administrative Officer**

## माादी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मादी, संखुवासभा
### १ नं प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/१०/२१

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०७८/०९/१३ र २०७८/०९/१४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्धारित समयसिमा भित्र विद्युतीय प्रणाली मार्फत रितपुर्वक पेश हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको कबोल अङ्क न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.क. र पि. एस. सहित) |
|---|---|---|---|---|
| १ | MM/W/NCB/03/078-79 | Construction of Park at Krishna Pranami Mandir | Sunkoshi Construction & Suppliers Pvt. Ltd., Kathmandu | 73,83,474.28 |
| २ | MM/W/NCB/04/078-79 | Bihibare Bazar PCC Work | MS Kaka Nirman Sewa, Chainpur-6, Sankhuwasabha | 30,94,301.60 |

**प्रमुख प्रशासकीय अधिकृत**

# ७० प्रतिशत नेपालीले लगाए पूर्ण खोप

**काठमाडौं/मस**–नेपालले कोभिड-१९ विरुद्धको खोप अभियानमा नयाँ कोशेढुंगा पार गरेको छ। नेपालले १८ वर्षमाथिको उमेर समूहका ७० प्रतिशत व्यक्तिहरूलाई पूर्ण खोप प्रदान गरेको हो।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले ७० प्रतिशत बयस्क जनसंख्यालाई कोभिडविरुद्धको पूर्ण खोप प्रदान गर्न सफल भएकामा नेपाललाई बधाई पनि दिएको छ।

'सत्तरी प्रतिशत जनसंख्यालाई कोभिडविरुद्धको पूर्ण खोप लगाउन सफल भएकामा नेपाललाई बधाई। यो नेपाल तथा सहयोगी निकायको ठूलो सफलता हो। एकजुट भई सहकार्य गरे जे पनि सम्भव हुने यसले साबित गरेको छ', डब्ल्युएचओ नेपालले ट्वीटरमार्फत बधाई दिँदै भनेको छ।



नेपाल सरकारले चैत मसान्तसम्म १८ वर्षमाथिका १०० प्रतिशत नागरिकलाई पूर्णखोप लगाइसक्ने लक्ष्यसहित देशभर खोप अभियान चलाइरहेको छ।

### घट्दो कोरोना संक्रमण

देशभर बिहीबार थप तीन हजार १७५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।१२ हजार ६०५ को नमूना परीक्षण गरिएको थियो। दश हजार २६ को पीसीआर र दुई हजार ५७९ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा आठ हजार ७२३ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या आठ लाख ८७ हजार ४४३ पुगेको छ। निको हुने दर ९२ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गर्दा नौ लाख ६२ हजार ५१७ र एन्टिजेन विधिबाट एक लाख ३२ हजार ५४६ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५२ लाख ५७ हजार १७५ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या नौ लाख ८१ हजार ३७१ पुगेको छ। कूलमा सङ्क्रमण दर १८ दशमलव तीन प्रतिशत छ। कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख ६६ हजार ५४० रहेको छ। हाल सक्रिय संक्रमितको संख्या ६३ हजार २९६ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट १४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ७७८ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ। प्रति १० लाख जनसंख्यामा मृत्युदर ३८७ दशमलव सात रहेको छ।

## पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा प्रदर्शन

**भक्तपुर/मस**– नेत्रबिक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा बुधबार भक्तपुरको सानो ठिमी क्याम्पसमा विरोध प्रदर्शन गरेको छन्। १३ दिनको अन्तरालमा सरकारले फेरि पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरेको भन्दै सानोठिमी क्याम्पस इकाइ समितिले क्याम्पस अगाडि टायर बालेर प्रदर्शन गरेको भक्तपुर जिल्ला इन्चार्ज ललिजङ बमले बताए।


**चैनपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चैनपुर, संखुवासभा
प्रदेश नं. १, नेपाल

**सूचना**

**प्रकाशित मितिः २०७८/१०/२१**

प्रस्तुत विषयमा मिति २०७८/०९/११ गते अरुण खोला सोलार मूस आयोजनाको खरिद प्रक्रियाद्वारा निर्माण गर्न मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरिएकोमा उक्त योजनाको लागि देहायका बोलत्रदाताहरुले E–Bidding द्वारा प्रस्ताव दर्ता गरेता पनि BOQ को आइटम नं: १६ मा GI पाईप ८० मि.मि को हुनु पर्ने मा अन्यथा हुन गएकोमा उक्त बोलपत्र यस कार्यालयको मिति २०७८/१०/२० गतेको निर्णय अनुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुलाई सुचित गरिन्छ ।

तपसिलः

१.Chemjong/Pranavi J.V
२.MS Kaka Nirman Sewa
३.Laxmi Nirman Sewa
४.Sun Farmer Nepal Pvt= Ltd
५.Sunbridge–S & S Bhojpure JV
६.B.N.K Construction


## लुम्बिनी प्रदेश योजना आयोगको टोलीद्वारा विभिन्न स्थानमा अवलोकन



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २० माघ

लुम्बिनी प्रदेश योजना आयोगको टोलीले कपिलवस्तुमा रहेको मदरसामा अवलोकन गरेको छ।आयोगको टोलीले मुस्लिम समुदायको ठुलो मदरसा आयशा सिद्दीका गर्ल्स कलेज तथा जामिया सिराजुलवलुम अलसल्फीया झण्डानगरको स्थलगत अवलोकन गरेको हो।

अवलोकनमा आयोगका उपाध्यक्ष बामदेव क्षेत्री, सदस्य शिवपुजन यादवलगायतको टोली रहेका थिए।

अवलोकन टोलीले मदरसा भौतिक संरचना, व्यवस्थापन, शिक्षा तथा विद्यार्थीहरुको संख्या, आयश्रोतका बारेमा मदरसाका पदाधिकारीहरुसंग जानकारी लिएको छ। अवलोकनमा रहेका आयोग टोलीलाई कलेजका प्रवक्ता तथा नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश कमिटी सदस्य मौलाना मशहुद खां, नेपाली राष्ट्रिय मदरसा संघ नेपालका राष्ट्रिय अध्यक्ष डा. अब्दुल गनी अलकुफी, नेकपा माओवादी केन्द्रका कृष्णनगर नगर कमिटी अध्यक्ष जावेद आलम खाले दोसल्ला ओढ़ाई सम्मान गरेका थिए।

## पत्रकार कमल राईको निधन



**काठमाडौं/मस**– प्रभाव राष्ट्रिय दैनिकका सम्पादक कमल राईको निधन भएको छ।

निमोनियाबाट पीडित ४५ वर्षीय राईको उपचारका क्रममा काठमाडौंको मित्रपार्कमा रहेको नेपाल-भारत मैत्री अस्पतालमा बुधबार निधन भएको हो।

छातीमा समस्या देखिएपछि पत्रकार राईलाई उपचारका लागि अस्पताल भर्ना गरिएको थियो।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्य रहेका राई वैदेशिक रोजगार पत्रकार समाजका सदस्यसमेत हुन्।

स्वर्गीय राईको शुक्रबार बिहान अन्तिम संस्कार गरिने भएको छ। ओखलढुंगा स्थायी निवासी राई खास खबर साप्ताहिक, सौर्य दैनिक, माउन्टेन टेलिभिजन, कमान्डर पोष्ट दैनिकमा गरि दुई दशकदेखि पत्रकारिता पेशामा थिए।

वैदेशिक रोजगार पत्रकार समाजलगायत सञ्चार क्षेत्रका विभिन्न संघ संस्थाले विज्ञप्तिमार्फत क्रियाशील पत्रकार राईको असामयिक निधनप्रति दुखःव्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेका छन्। स्व. राईका श्रीमती र आमा छन्।


**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१०/२१**

**अस्त्र बस्त्र खाद्यान्न प्रा.लि.** को मिति २०७८/१०/१४ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अष्ट वक खाद्यान्न प्रा.लि. (प्रा. लि. नं.: २८२२०१)**, कायम गर्ने गरी मिति २०७८/१०/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/१०/२१**

यस कार्यालयमा मिति २०६४/०५/०२ मा दर्ता भएको प्रा.लि. **नं. ४७५५० को डिगनिटी ट्रेकिङ्ग एण्ड एक्सपिडिशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/१०/२१**

यस कार्यालयमा मिति २०६४/०५/०१ मा दर्ता भएको प्रा.लि. **नं. ४७५५२** को **डिगनिटी रेमिटेन्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/१०/२१**

यस कार्यालयमा मिति २०६४/११/२१ मा दर्ता भएको प्रा.लि. **नं. ५२११४** को **एस मल्टिपर्पोज ट्रेड इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/१०/२१**

यस कार्यालयमा मिति २०७२/०९/१६ मा दर्ता भएको प्रा.लि. **नं. १४३१८६** को **चोङ्नी निर्माण कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

उपत्यका स्वतन्त्र निर्माण व्यवसायी सघंको वार्षिक साधरण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले यस संघका तदर्थ समिति पदाधिकारी तथा सदस्यज्यूहरुलाई उक्त साधारणसभामा अनिवार्य उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने स्थानः कार्यालयको सभाहल**
**मितिः २०७८/१०/२९ गते** **समय : बिहान १० बजे**

आयोजक
उपत्यका स्वतन्त्र निर्माण व्यवसायी सघं
साधरण सभा आयोजक कमिटि



## कतारमा रोजगार

१. कम्पनीः TECHNO HYDRO TRADING AND CONTRACTING — शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३९३० | L.T. No.: 257430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६२,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 2 | 0 | | 1100 | ३६,०९१ | | | | | | | |

२. कम्पनीः ALTECH ALUMINIUM & STEEL WLL — शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३९५८ | L.T. No.: 257431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 4 | 0 | | 1300 | ४२,६५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २८ गते (11 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**अल-समित म्यानपावर प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company



**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484



## कतारमा रोजगारको अवसर

कम्पनीः YELLOW CAB PIZZA — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३९४२ | LT. No.: 257440

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,६५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 0 | 2 | | 1300 | ४२,६५३ | | | | | | | |
| 3. | Cooker | 1 | 0 | | 1500 | ४९,२१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २८ गते (11 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957, E-mail : sharonhrsolution@gmail.com



## SAUDI मा रोजगारको अवसर

कम्पनीः FIVE CHAMPIONS GYM CO — शहरः DURRAT ALKUDER

पूर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३८९५ | L.T. No.: 257270

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fitness Trainer | 1 | 0 | स. काममा दक्ष | 2000 | ६३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २८ गते (11 February 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निशुल्क |

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
Govt. Lic. No 192/057/058
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240, 5907280, 4002624, 4002625, 9801100112, 9801100113, Fax: +977-1-4002625
Email: www.jobsglobalnepal.com
Web: www.jobsglobal.com /jobsglobalnepal.com
https://www.facebook.com/JobsglobalNepal



## कतारमा रोजगारको अवसर

कम्पनीः The R Beauty Center — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३८९० | LT. No.: 257329

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 1 | स. काममा दक्ष | 1000 | ३२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २८ देखि फागुण ८ गते सम्म (11 to 20 Feb 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu
Mob.: 9860049528, 9808840910, 9860924657, Tel.: 4488231
E-mail : devudahal@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः Ammar Abdul Rahman Omar Al Farsi Foundation for The Provision of Drinks — शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/१८ | चलानी नं.: ६०१७३९२८ | LT. No.:257361

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २८ गते (11 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**शल्मानी ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८२८/०६६/०६७
कोटेश्वर, काठमाडौं, नेपाल, फोनः ०१–५१४७२२७, ५१४७२२८

Madhyanha National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### बढाऔं नियमन

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले गरेको अध्ययन अनुसार, ४० प्रतिशत महिला हिंसा सार्वजनिक यातायातमा हुने गरेको छ । ओरेकले ३२१ महिला तथा किशोरीमा अध्ययन गरेको थियो । त्यस मध्ये ४० प्रतिशतले सार्वजनिक यातायातमा हिंसामा परेको जवाफ दिएका थिए । महिला हिंसाका पछिल्लो समस्या भने प्याङ्कको नाममा भिडियो खिच्नु हो । ओरेकले प्याङ्कका नाममा भइरहेको महिला हिंसा रोक्न गृह मन्त्रालयले चालेको कदमको स्वागत समेत गरेको छ । गृह प्रशासनले प्याङ्कका नाममा सार्वजनिक स्थलमा महिलाहरूमाथि शोसन भएको निष्कर्ष निकाल्दै कारबाहीको चेतावनी दिएको छ । सामाजिक सञ्जाल र प्रविधिको विकाससँगै समाजका हरेक क्षेत्रमा नयाँ समस्या देखिएको छ ।

सामाजिक सञ्जालबाट पनि महिलामाथि नै बढी हिंसा हुने गरेको छ । अश्लिल भिडियो वा तस्वीर लिएर पछि धम्की दिने प्रवृत्ति पुरानै भइसकेको छ । एकपछि अर्कोगरी सामाजिक सञ्जालको विकास हुने र त्यही अनुसारको समस्या देखिने गरेको छ । हिंसा बढाउनेगरी भइरहेको प्याङ्कको बढुवामा भने यूटुब सहयोगी देखिन्छ । इन्टरनेट प्रविधिको बढ्दो पहुँजका कारण यूटुबतर्फ आकर्षण बढेको छ । त्यसैको जगमा प्याङ्कका नाममा मनोवैज्ञानिक र प्रतिष्ठामाथि हिंसा उत्पन्न गराउने गतिविधि भइरहेको छ । कतिसम्म भने यूटुब र आमसञ्चार माध्यमलाई हेर्ने दृष्टिकोणमा भिन्नता देखिन छाडेको छ । यूट् युब एउटा माध्यम हो । त्यो माध्यमको प्रयोग आमसञ्चार कार्यका निम्ति उपयोगी छ । तर त्यही माध्यममा पत्रकारिताका आधारभूत सिद्धान्त समेत नअपनाइ गरिएका गतिविधिले आमविश्वास कमजोर बन्न पुगेको छ ।

तर यस्ता समस्या नियमन गर्ने निकाय प्रभावकारी बन्न सकिरहेको छैन । पत्रकारिताका निम्ति समेत प्रयोग भइरहेका माध्यमलाई व्यक्तिगत प्रयोजनका निम्ति उपयोग गरिनु त्यसको मुख्य समस्या हो । लोकतन्त्र र पूर्ण प्रेस स्वतन्त्रताप्रति सम्झौता नगर्ने संविधानको व्यवस्थाका कारणले पनि नियमन कमजोर बनेको छ । यस्तो बेला सामाजिक निर्णय महत्वपूर्ण हुन्छ । सञ्चार संस्थाको स्वीकार्यता बढाउने वा अस्वीकार गर्ने भन्ने निर्णय आमनागरिकमा भर पर्नेछ । किनकि केही गलत गतिविधि हुँदैमा कानून बनाएर बन्देज लगाउन उचित हुन्न । तर त्यसो भन्दैमा व्यक्तिगत हिंसा र सामाजिक सद्भाव खल्बल्याउने कार्यप्रति भने नियमनकारी निकाय मौन रहनु हुन्न ।

# कम्युनिष्ट घोषणापत्रको इतिहास

*सर्वहारा श्रमजीवी वर्गको मुक्तिको निम्ति मार्क्सवादभन्दा अर्को कुनै वैज्ञानिक र क्रान्तिकारी सिद्धान्त छैन । कम्युनिष्ट घोषणापत्र जारी भएको अहिले १ सय ६१ वर्ष पूरा भइसकेको छ तर, विश्वक्रान्ति सम्पन्न गर्ने काम बाँकी नै रहेकोले यसको सान्दर्भिकता र महत्व झनै बढेर गएको छ ।*

**अग्रलेख**



● हस्तबहादुर केसी

मार्क्सवादी सिद्धान्तका प्रवर्द्धकद्वय कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सका महानतम् तथा अमर कृतिहरूमा कम्युनिष्ट घोषणापत्र एउटा हो । कम्युनिष्ट घोषणापत्र परिपक्व मार्क्सवादको एउटा अत्याधिक महत्वपूर्ण तथा सर्वोत्कृष्ट रचना पनि हो । कम्युनिष्ट घोषणापत्रको प्रकाशनलाई विश्व ऐतिहासिक महत्वको एउटा घटनाको रूपमा लिइएको छ । सन् १८४७ मा कम्युनिष्ट लिगले कार्लमार्क्स र फ्रेडरिक एंगेल्सलाई कम्युनिष्ट घोषणापत्र तयार गर्ने जिम्मा दिएको थियो । कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले झण्डै एक वर्ष लगाएर घोषणापत्रलाई सन् १८४८ को फरवरीमा प्रकाशित गर्नुभएको थियो । तत्पश्चात मार्क्स र एंगेल्सद्वारा प्रतिपादित गरिएको कम्युनिष्ट घोषणापत्र विश्व सर्वहारा वर्गको मुक्तिको सिद्धान्त बन्न पुग्यो ।

कम्युनिष्ट घोषणापत्रमा चार अध्याय छन् । पहिलो अध्यायमा पुँजीपति र सर्वहारामा समाज विकासको नियमको आधारमा एक प्रकारको उत्पादन पद्धतिको अन्त्य भएर अर्को किसिमको उत्पादन पद्धति कायम हुनु अत्यन्त स्वाभाविक प्रक्रिया हुनेबारे वर्णन गरिएको छ । हालसम्मको मानव जातिको इतिहास आदिम साम्यवादलाई छोडेर वर्गसंघर्षको इतिहास हो । यसका आधारमा पुँजीवादको पतन भएर समाज हुँदै साम्यवादमा पुग्नु अनिवार्य छ भन्ने रहेको छ ।

दोस्रो अध्यायमा सर्वहारा र कम्युनिष्ट आजको युगमा सबभन्दा प्रगतिशील उत्पादक शक्ति मजदूरवर्ग हो र कम्युनिष्ट तिनै सर्वहारा मजदूरवर्गको सबैभन्दा सघर्षशील समुदाय भएको उल्लेख छ । यसको सांगठनिक शक्तिले उनीहरूको युगान्तकारी परिवर्तनमा सबभन्दा महत्वपूर्ण नेतृत्व प्रदान गर्नसक्छ । कम्युनिष्टहरूको तात्कालीन लक्ष्य पुँजीपति वर्गको सत्ता पल्टाएर सर्वहारावर्गको राजनीतिक सत्ता कायम गर्नपर्छ भन्ने रहेको छ ।



त्यस्तै तेस्रो अध्यायमा समाजवाद र कम्युनिष्ट साहित्यमा केन्द्रीत समाजवादको नाममा देखापरेका विभिन्न किसिमका काल्पनिक तथा टुटपुँजीया विचारधाराहरूको खण्डन गरिएको छ । चौथो अध्यायमा विभिन्न विरोधी पार्टीहरू र कम्युनिष्टहरूको स्थितिबारे कार्यनीतिक समीक्षा गरिएको छ । मार्क्सवादको निर्माण अवधिको अन्तिम तर अत्यधिक महत्वपूर्ण कृति मार्क्स र एंगेल्सद्वारा लिखित कम्युनिष्ट घोषणापत्र थियो । मार्क्सवादको ऐतिहासिक विकासमा यसको निकै महत्वपूर्ण स्थान रहेको छ । यो विश्व सर्वहारा आन्दोलनको पहिलो कार्यक्रमगत दस्तावेज थियो । यस्तो दस्तावेज, जसमा मार्क्सवादी विश्व दृष्टिकोणका आधारभूत तत्वहरूको ज्यादै उत्कृष्ट, विस्तृत र व्यवस्थित रूपबाट ब्याख्या गरियो । कम्युनिष्ट घोषणपत्रको एउटा ठूलो उपलब्धि के थियो भने त्यसले सर्वहारावर्गका नेता तथा संगठनकर्ताको रूपमा कम्युनिष्ट पार्टीसम्बन्धी सिद्धान्त र सो पार्टीका लागि आधारभूत कार्यनीतिको प्रतिपादन गरेको छ ।

कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले तयार गरेको कम्युनिष्ट घोषणापत्रमा भावी साम्यवादी समाजको विस्तृत वर्णन छैन, तर सारभूतरूपमा त्यसका मुख्य विशेषताहरू दिइएका छन । जस्तो मानिसद्वारा मानिसको शोषण तथा उत्पीडनको उन्मूलन, जातीय थिचोमिचोको अन्त्य, औपनिवेशिक दासत्वको अन्त्य, मानसिक तथा शारीरिक श्रमबीचको र गाउँ तथा शहरबीचको भेदको उन्मूलन, महिलाहरूको समानता, व्यक्तिको सच्चा स्वतन्त्रता, समाजका सारा सदस्यहरूको भौतिक तथा बौद्धिक खाँचोहरूको पूर्ण सन्तुष्टिको लागि उत्पादक शक्तिहरूको तीव्र विकास आदि । यस्तो समाजको स्थापना तुरुन्तै होइन, बरु विस्तार विस्तार पुरानो समाजको रूपान्तरणद्वारा मात्र गर्न सकिने कुरामा जोड दिइएको छ । घोषणापत्र 'विश्वका मजदूरहरू होऊ' भन्ने महान् नाराका साथ टुंगिएको छ । यस नारामा मजदूरहरूको अन्तराष्ट्रियवादबारे विचार अभिव्यक्त गरिएको छ ।

१८ औं शताब्दीको उत्तरार्द्धमा युरोपमा सामन्तवादका विरुद्ध क्रान्तिहरू सफल भएका थिए र त्यहाँ पुँजीवादको स्थापना भइसकेको थियो । पुँजीवादको जन्म सँगसँगै उसका विरुद्ध संघर्ष गर्ने मजदूरवर्गको पनि जन्म भएको थियो । मजदूरवर्गले आफ्नो जन्मकालदेखि नै आफूमाथि भएका

> सन् १८४७ मा कम्युनिष्ट लिगले कार्लमार्क्स र फ्रेडरिक एंगेल्सलाई कम्युनिष्ट घोषणापत्र तयार गर्ने जिम्मा दिएको थियो । कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले झण्डै एक वर्ष लगाएर घोषणापत्रलाई सन् १८४८ को फरवरीमा प्रकाशित गर्नुभएको थियो । तत्पश्चात मार्क्स र एंगेल्सद्वारा प्रतिपादित गरिएको कम्युनिष्ट घोषणापत्र विश्व सर्वहारा वर्गको मुक्तिको सिद्धान्त बन्न पुग्यो ।

शोषण, दमन र अन्यायका विरुद्ध संघर्ष गर्न थालेको थियो । शुरु-शुरुमा यो वर्गसँग आफ्नो वर्ग आन्दोलनलाई मार्गदर्शन गर्ने निश्चित मार्गदर्शक सिद्धान्त पनि थिएन । तर, मजदूरुहरूले स्वस्फूर्त ढंगबाट एक्ला एक्लै पुँजीपतिहरूमाथि व्यक्तिगत आक्रमण गर्ने प्रवृतिको आन्दोलन चलाउँदै आएका थिए । विस्तारै मजदूरहरूले सचेत र संगठित भएर आन्दोलन गर्ने अनुभवहरू प्राप्त गर्न थाले । सन् १८११-१८१२ मा बेलायतका मजदूरहरूले स्वस्फूर्तढंगले मेसिनतोड (लुडाइट) आन्दोलन चलाएका थिए । आन्दोलनमाथि निर्मम दमन भयो । त्यस दमनबाट अनुभव प्राप्त गरेर सन् १८१३ देखि उनीहरू संगठित हुन थालेका थिए ।

सन् १८३१ मा फ्रान्सको लियो शहरका कारखानामा कपडा बुन्ने मजदूरहरूले विद्रोह गरेका थिए । १८३२ देखि बेलायतका मजदूरहरूले मागपत्र (चार्टिष्ट) आन्दोलन शुरु गरेका थिए । लाखौं मजदूरहरू सहभागी रहेको उक्त आन्दोलन सन् १८४२ सम्म चलेको थियो । १८३२ मै पेरिसका मजदूरहरूले विद्रोह गरेका थिए । १८४४ मा जर्मनीको शिलेशिया शहरमा कपडा बुन्ने मजदूरहरूले पनि विद्रोह गरेका थिए । तर, ती मजदूर आन्दोलनहरूलाई मार्गनिर्देशन गर्ने सिद्धान्तको अभावमा सबै मजदूर आन्दोलहरू असफलतामा टुंगिएका थिए । जब कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले कम्युनिष्ट घोषणापत्रमार्फत् सन् १८४८ मा मार्क्सवादको प्रतिपादन गरे तब मात्र सर्वहारा (मजदूर) वर्गले आफ्नो वर्गको मुक्तिको सिद्धान्त मार्क्सवादको रूपमा प्राप्त गरे ।

कम्युनिष्ट पार्टीको स्थापना भएसँगै सन् १८४९ र १८५२ पछि युरोपमा ठूला-ठूला मजदूर आन्दोलनहरू भए तर ती सबै मजदूर आन्दोलनहरू असफल भएका थिए । सन् १८६४ मा लण्डनमा पहिलो कम्युनिष्ट अन्तर्राष्ट्रियको उद्घाटन भाषणमा कार्ल मार्क्सले ती आन्दोलनहरू असफल हुनुको पछाडि शिक्षाको अभाव रहेको बताएका थिए । सन् १८७१ मा पेरिसका मजदूरहरूले निर्माण गरेको सर्वहारा वर्गको पहिलो राज्यसत्ता पनि ७२ दिनपछि ढलेको थियो । मार्क्सवादको मार्गनिर्देशनमा अन्तर्राष्ट्रिय सर्वहारावर्गका महान नेता भीआइ लेनिनले सोभियत कम्युनिष्ट पार्टी (वोल्सेभिक) को निर्माण गर्नुभयो । लेनिनको अगुवाइ र वोल्सेभिकको नेतृत्वमा सन् १९१७ अक्टुवर २५ तारिखका दिन महान सोभियत अक्टुवर समाजवादी क्रान्ति सम्पन्न भयो । त्यसपछि एशिया, अफ्रिका, युरोप, अमेरिका तथा ल्याटिन अमेरिकालगायतका अनेकन देशहरूमा कम्युनिष्ट पार्टीहरू निर्माण भए । पूर्वी युरोपका विसौं राष्ट्रहरूमा सोभियत मोडेलको समाजवाद लागू गरिएको थियो भने चीन, उत्तर कोरिया, भियतनाम, कम्बोडिया र क्यूवामा मार्क्सवाद लेनिनवादको मार्गनिर्देशनमा ती देशहरूको विशिष्ट परिस्थितिमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दै क्रान्तिहरू सम्पन्न भएका थिए ।

